आज मिति २०८० साल साउन १७ गतेका दिन साँघो गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र घर्तीज्यूको अध्यक्षतामा एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

१. अध्यक्ष श्री नरेन्द्र घर्ती साँघो गाउँपालिका मगार,
२. उपाध्यक्ष श्री कृष्णमाया गुरुङ ,, ,,
३. सदस्य श्री जनक बहादुर गुरुङ ,, ,, वडा नं १ अध्यक्ष
४ ,, श्री मिन बहादुर गुरुङ ,, ,, वडा नं २ ,,
५ ,, श्री मिन बहादुर गुरुङ ,, ,, वडा नं ३ ,,
६ ,, श्री तेज बहादुर गुरुङ ,, ,, वडा नं ४ ,,
७ ,, श्री घा छोसा लामा ,, ,, ५ का.वा. अध्यक्ष
८ ,, श्री डिला कोइराला पुन ,, ,, ६ वडा अध्यक्ष
९ ,, श्री धन बहादुर गुरुङ ,, ,, ७ ,, ,,
१० ,, श्री दुप जङ ,, ,, ,, ८ ,, ,,
११ ,, श्री पुनिता गुरुङ ,, ,, ९ का.वा. अध्यक्ष
१२. ,, श्री पुर्णमाया गुरुङ का. पा. स.
१३. ,, श्री दिल कुमारी गुरुङ ,, ,, ,,
१४ ,, श्री पुरेश खवास ,, ,, ,,
१५ ,, श्री माइली लामा ,, ,, ,,
१६. ,, श्री नुर बहादुर वि.क. ,, ,, ,,
१७. ,, श्री अनिता गुरुङ ,, ,, ,,
१८ सदस्य सचिव श्री मितलाल बहादुर पाउ नि. प्र. प्र. अ.

अन्य उपस्थिति

१ नेत्र घर्ती प्र. अ.
२. नित्य बहादुर पाण्डेय लेखा अधिकृत
३ रविन्द्र राना पाण्डेय लेखा शाखा
प्रमुख →

निर्णय नं. १

यस कार्यालय अन्तर्गत विभिन्न शाखाहरु, वडा कार्यालय तथा स्वास्थ्य शाखाहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको २०७८ असाढ मसान्त बाट सेवा करार अवधि समाप्त भएको तथा निज कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र निज कर्मचारीहरुको यस गाउँपालिकाबाट प्रदान गर्ने सेवाको लागि आवश्यक भएकोले पुन २०७८ आषाढ १ गते देखि पौष मसान्त सम्म ६ महिनाका लागि तपसिलका कर्मचारीहरुको सेवा करार अवधि थप गर्ने निर्णय गरियो ।

तपसिल

१ गाउँपालिकाको विभिन्न शाखाहरु तथा वडा कार्यालयहरु तर्फ

| क्र.सं. | नाम थर | पद | शाखाको नाम | कै. |
|---|---|---|---|---|
| १. | सविन धिताल | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | |
| २. | मिन काशी गुरुङ | सामाजिक परिचालीका | प्रशासन शाखा | |
| ३. | विमला शेर्पा | ना.प्र.स | कृषि शाखा | |
| ४. | कमला सिन्जागु | ना.प्र.स | कृषि शाखा | |
| ५. | सरस्वती गुरुङ | ना.प.प्र.स | भेटेरेनेरी शाखा | |
| ६. | कृष्ण गुरुङ | MIS Operator | राष्ट्रीय परिचय पत्र तथा पञ्जिकरण शाखा | |
| ७. | रिमा गुरुङ | फिल्ड सहायक | राष्ट्रीय परिचय पत्र तथा पञ्जिकरण शाखा | |
| ८. | हस्त वहादुर गुरुङ | फिल्ड सहायक | राष्ट्रीय परिचय पत्र तथा पञ्जिकरण शाखा | |
| ९. | नविन गुरुङ | रोजगार संयोजक | रोजगार शाखा | |
| १०. | लक्ष्मी गुरुङ | का.स. | वडा नं. १ कार्यालय, ताल | |
| ११. | चन्द्रमान गुरुङ | का.स. | वडा नं. २ कार्यालय, नाचै | |
| १२. | कमला गुरुङ | का.स. | वडा नं. ३ कार्यालय, धारापानी | |
| १३. | शर्मिला तामाङ गुरुङ | का.स. | वडा नं. ४ कार्यालय, ओडार | |
| १४. | धावा लमु लामा | का.स. | वडा नं. ५ कार्यालय, थोंचे | |
| १५. | तिल कुमारी गुरुङ | का.स. | वडा नं. ६ कार्यालय, तिल्चे | |
| १६. | टेक राम गुरुङ | का.स. | वडा नं. ७ कार्यालय, तिल्चे | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १७ | पोषण घले | का.स. | वडा नं. ८ कार्यालय, ताचै | |
| १८ | मिरा लामा | का.स. | वडा नं. ९ कार्यालय, बगरछाप | |
| १९. | नरेन्द्र गुरुङ | का.स. | नार्सों गा.पा., धारापानी | |
| २०. | निल राम गुरुङ | का.स. | नार्सों गा.पा., धारापानी | |
| २१. | रिक्की घले | सवारी चालक | नार्सों गा.पा., धारापानी | |

२.स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र तर्फ

| क.स | नाम | पद | स्वास्थ्य संस्था | कै. |
|---|---|---|---|---|
| साधारण तर्फ | | | | |
| १. | धन बिर स्वर्णकार | हे.अ | ताचै स्वास्थ्य चौकी | |
| २. | भुवन के.सी | हे.अ | धारापानी स्वा.चौकी | |
| ३. | छिमि ल्हमो गुरुङ | अ.हे.ब | धारापानी स्वा.चौकी | |
| ४. | रोशनी गुरुङ | अ.हे.ब | थौंचे स्वा.चौकी | |
| ५. | बिमला गुरुङ | अ.न.मि | धारापानी स्वा.चौकी | |
| ६. | कल्पना घले | अ.न.मी | धारापानी हे.पो | |
| ७. | होम बहादुर गुरुङ | का.स | ताचै स्वा. चौकी | |
| ८. | छोडेन याङचेन लामा | हे.अ | थौंचे स्वा.चौकी | |
| ९. | मालति घले | अ.हे.ब | ताचै स्वा. चौकी | |
| १०. | मिना गूरुङ | अ.हे.ब | ताचै स्वा. चौकी | |
| ११. | उपेन्द्र गुरुङ | का.स | धारापानी स्वा.चौकी | |
| १२. | सोज घले | का.स | ताचै हे.पो | |
| १३. | सोनाम दिकि लामा | अ.न.मि | थौंचे स्वा.चौकी | |
| आधारभूत स्वास्थ्य सेवा तर्फ | | | | |
| १. | शर्मिला घले | अ.न.मि | आधारभूत स्वा. से ९ | |
| २. | अस्मिता गुरुङ | अ.न.मि | आधारभूत स्वा. से ३ | |
| ३. | शर्मिला गुरुङ | अ.न.मि | आधारभूत स्वा.से ६ | |
| ४. | सरस्वति गुरुङ | अ.न.मि | आधारभूत स्वा. से २ | |
| ५. | आइतमाया बि.क | अ.हे.ब | आधारभूत स्वा. से ४ | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६. | बिश्व बिबेक मल्ल | अ.हे.ब | आधारभूत स्वा. से ७ | |
| ७. | युकेश गुरुङ | का.स | आधारभूत स्वा. से ३ | |
| ८. | सुनिता गुरुङ | का.स | आधारभूत स्वा. से ७ | |
| ९. | छिरिङ याङचुङ गुरुङ | का.स | आधारभूत स्वा. से ९ | |
| १०. | हिमानगुरुङ | का.स | आधारभूत स्वा. से २ | |
| ११. | मलिना गुरुङ | का.स | आधारभूत स्वा. से ४ | |
| १२. | शंकर गुरुङ | का.स | आधारभूत स्वा. से ७ | |

३. अस्थाई कोभिड-१९ हस्पीटल तर्फ

| क.स | नाम | पद | स्वास्थ्य संस्था | कै. |
|---|---|---|---|---|
| १. | मे.अ. | - | - | रिक्त रहेको |
| २. | वेलमाया गुरुङ | स्टाफ नर्स | कोभिड-१९ हस्पीटल | |
| ३. | पवित्रा घले | स्टाफ नर्स | कोभिड-१९ हस्पीटल | |
| ४. | दिलमाया गुरुङ | का.स. | कोभिड-१९ हस्पीटल | |

Scanned with CamScanner

**निर्णय नं. ०२**

नासोँ गा.पा.मा कार्यरत सामाजिक परिचालक श्री मिनकाशी गुरुङको निरन्तर करार म्याद २०७८ आषाढ मसान्तमा समाप्त भएकोमा निजको कार्य सम्पादन प्रभावकारी रहेको, गाउँसभाबाट राजश्व शाखाको कामकाज समेत गर्ने गरि जिम्मेवारी थप गरिएकोमा साविक बमोजिमको सेवा, शर्त, सुविधाको प्रतिकूल नहुने गरि हाल समान तहका कर्मचारीले नियमानुसार पाउने तलब, भत्ता लगायतका सेवा सुविधा कायम हुने गरि हाललाई २०७८ श्रावण १ देखि २०७८ ~~आषाढ~~ पौष मसान्तसम्मका लागि निरन्तर सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०३**

नासोँ गा.पा.मा कार्यरत सूचना प्रविधी अधिकृत श्री सविन धितालको करार म्याद २०७८ आषाढ मसान्तमा समाप्त भएकोमा निजको कार्य सम्पादन प्रभावकारी भएकोले साविक बमोजिमको सेवा, शर्त र तलब, भत्ता लगायतको सेवा सुविधा कायम हुने गरि हाललाई २०७८ श्रावण १ देखि २०७८ ~~आषाढ~~ पौष मसान्तसम्मका लागि सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०४**

नासोँ गा.पा.मा व्यक्तिगत घटना तथा पञ्जिकरण शाखाका कार्यरत तपसिलका कर्मचारीहरुको सेवा करार म्याद २०७८ आषाढ मसान्तमा समाप्त भएकोमा निजहरुकोको कार्य सम्पादन सन्तोषजनक भएको र गाउँपालिकाले कार्यविधि बमोजिम गरेको सुपरीवेक्षण मूल्यांकनमा उत्तीर्ण भएकोले साविक बमोजिमको विभागबाट निर्देशित सेवा, शर्त र तलब, भत्ता लगायतको सेवा सुविधा कायम हुने गरि हाललाई २०७८ श्रावण १ देखि २०७८ ~~आषाढ~~ पौष मसान्तसम्मका लागि सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल:**

१) श्री कृष्ण गुरुङ एम.आई.एस. अपरेटर

२) श्री हस्त बहादुर गुरुङ फिल्ड सहायक

३) श्री रिमा गुरुङ फिल्ड सहायक

Scanned with CamScanner

Date
Page

**निर्णय नं. ०५**

२०७८ आषाढ १ गते आएको भिषण बाढी तथा पहिरोको कारण अवरुद्ध स्थानीय स्तरका गोरेटोघोडेटो बाटोहरु सामान्य निर्माण/मर्मत गरि आवतजावत सहज बमाउन ९ वटै वडाहरुलाई प्रति वडा गोरेटोघोडेटो बाटो निर्माण/मर्मतका लागि रु.९९,०००।- का दरले चालु आ.ब.को स्वीकृत बाढीबाट क्षतिग्रस्त गोरेटोघोडेटो बाटो निर्माण/मर्मत शिर्षकबाट खर्च हुने गरि रकम विनियोजन गरि तत्काल निर्माण/मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.०६**

जिल्ला दररेट समितिको मिति २०७८ आषाढ ३१ गतेको बैठकबाट आ.ब.२०७८/०७९ का लागि निर्धारण गरिएको स्वीकृत दररेटलाई नै आजको बैठकबाट अनुमोदन एवं स्वीकृत गरि आ.ब.२०७८/०७९ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Date
Page

आज मिति २०७८ साल भदौ १६ गतेका दिन नासौं गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यूको अध्यक्षता एवम देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी निम्नानुसारका निर्णय गरियो

| | | |
|---|---|---|
| अध्येक्ष | श्री चन्द्र घले | नासौं गा.पा. |
| उपाध्यक्ष | श्री कमलमाया गुरुङ | नासौं गा.पा. |
| सदस्य | श्री झलक बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.१ |
| सदस्य | श्री भिम वहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.२ |
| सदस्य | श्री मिन वहदुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.३ |
| सदस्य | श्री तर्क बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.४ |
| सदस्य | श्री धा ढोल्मा लामा | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.५ |
| सदस्य | श्री ङिमा ओङग्याल पुनेल | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.६ |
| सदस्य | श्री धन वहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.७ |
| सदस्य | श्री हुप जङ गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.८ |
| सदस्य | श्री सुनिल गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.९ |
| सदस्य | श्री सुरेश थकाली | कार्यपालिका सदस्य |
| सदस्य | श्री तुल वहादुर वि.क. | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिल कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री अमिषा गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री श्री फूल माया गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री माइली लामा | कार्यपालिका सदस्य |
| सदस्य सचिव | श्री गोविन्द वहादुर रानाभाट | निमित प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित:

प्रशासकिय अधिकृत श्री तिज घले

Scanned with CamScanner

## निर्णय नं. १

मिति २०७८ श्रावण २१ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा पुनरावलोकन गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

## निर्णय नं. २

२०७८ आषाढ १ गतेको बाढी पहिरोबाट क्षतिग्रस्त घर परिवारको विवरण यथाशिघ्र तयार गरि पेश गर्ने सबै वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

चालु आ.ब.२०७८/०७९ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु संचालनका लागि आवश्यक पर्ने योजनाका लागत इस्टिमेट तयार गरि सम्झौताका लागि यथाशिघ्र पेश गर्न सबै वडा कार्यालय र सम्बन्धित प्राविधिकहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

विभिन्न मन्त्रालय तथा निकायहरुबाट इमेल मार्फत पेश हुन आएको पत्रहरु अध्ययन गरि माग भएका विवरण तथा जवाफहरु समयमा नै पठाउने व्यवस्था गर्न सम्बन्धित सबै शाखाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७८ साल असोज १३ गतेका दिन नासौं गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यूको अध्यक्षता एवम देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

| | | |
|---|---|---|
| अध्यक्ष | श्री चन्द्र घले | नासौं गा.पा. |
| उपाध्यक्ष | श्री कमलमाया गुरुङ | नासौं गा.पा. |
| सदस्य | श्री झलक बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.१ |
| सदस्य | श्री भिम वहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.२ |
| सदस्य | श्री बिनोद गुरुङ | का.वा. वडा अध्यक्ष नासौं गा.पा.वडा नं.३ |
| सदस्य | श्री चोक बहादुर गुरुङ | का.वा. वडा अध्यक्ष नासौं गा.पा.वडा नं.४ |
| सदस्य | श्री धा ढोल्मा लामा | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.५ |
| सदस्य | श्री ङिमा ओङग्याल पुनेल | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.६ |
| सदस्य | श्री धन वहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.७ |
| सदस्य | श्री हुप जङ गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं.८ |
| सदस्य | श्री सुनिल गुरुङ | का.वा.वडा अध्यक्ष नासौं गा.पा.वडा नं.९ |
| सदस्य | श्री सुरेश थकाली | कार्यपालिका सदस्य |
| सदस्य | श्री तुल वहादुर वि.क. | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिल कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री अमिषा गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री श्री फूल माया गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री माइली लामा | कार्यपालिका सदस्य |
| सदस्य सचिव | श्री बासु देव भेटवाल | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित:

ईन्जिनियार श्री नविन जोशी

प्र. प्रशासकीय अधिकृत तेज घले

Scanned with CamScanner

निर्णय नं. १

गत भाद्र महिनामा बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा आजको बैठकमा छलफल भई पुनरावलोकन एवं समीक्षा गरियो ।

निर्णय नं. २

गत २०७८ आषाढ १ गतेका दिन अविरल वर्षाका कारण मर्स्याङदी नदिमा आएको भिषण बाढीले गर्दा यस नासों गाउँपालिका अन्तर्गतका वस्तिहरुमा स्थानीय बासिन्दाहरुको घर, होटल, पसलहरुमा पूर्ण आंशीक रुपमा धेरै क्षति भएको छ । उक्त घटनामा पिडित स्थानीय बासिन्दाहरुलाई राहात रकम वितरण गर्ने प्रयोजनका लागि उपाध्यक्ष श्री कमाल माया गुरुङ को संयोजकत्वमा तपसिल बमोजिमका सात सदस्यीय क्षति मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१.संयोजक श्री कमल माया गुरुङ, उपाध्यक्ष, नासों गाउँपालिका

२.सदस्य श्री झलक व. गुरुङ, १ नं. वडा अध्यक्ष, नासों गा.पा.

३.सदस्य श्री मिन व. गुरुङ, ३ नं. वडा अध्यक्ष, नासों गा.पा.

४.सदस्य श्री धन व. गुरुङ, ७ नं. वडा अध्यक्ष, नासों गा.पा.

५.सदस्य श्री सुनिल गुरुङ, ९ नं. वडा का.वा.अध्यक्ष, नासों गा.पा.

६.सदस्य श्री नविन जोशी, ईन्जिनियर, नासों गाउँपालिका

७.सदस्य सचिव श्री गोविन्द व. रानाभाट, वरिष्ठ कार्याक्रम अधिकृत, नासों गाउँपालिका

निर्णय नं. ३

निर्णय नं. २ मा गठन भएको समितिलाई क्षतिको मूल्यांकन यहि २०७८ सालको को तिहार भित्र सम्पन्न गराउन निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नासों ५ नं. वडा अध्यक्ष स्व.श्री छिरिङ ग्याल्पो पुनेलको गत २०७८/०३/२१ गतेका दिन हृदयघातका कारण असामाहिक निधन भएकोले उक्त वडामा वडा अध्यक्षको पद रिक्त हुन गएको अवस्था छ। जसबाट वडाको कामकारवाहीमा प्रभावित हुन गएको साथै तुरुन्तै पदपुर्तिको अवस्था समेत नभएकोले अर्को व्यवस्था नभएसम्म सोही वडाका जेष्ठ वडा सदस्य श्री धा ढोमा लामालाई का.वा वडा अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ५

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण बाढी पहिरोवाट नासों २ नं. वडा स्थित नाचै देखि डोना ताल जानेवाटोमा क्षति भई आवतजावतनै अवरुद्ध हुन गएकोले तत्काल उक्त बाटो मर्मतका लागि विपद् व्यवस्थापन कोष शिर्षकवाट रु.३,००,००० (तिन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १

गत भाद्र महिनामा बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा आजको बैठकमा छलफल भई पुनरावलोकन एवं समीक्षा गरियो ।

निर्णय नं. २

गत २०७८ आषाढ १ गतेका दिन अविरल वर्षाका कारण मर्स्याङ्दी नदिमा आएको भिषण वाढीले गर्दा यस नासोँ गाउँपालिका अन्तर्गतका वस्तिहरुमा स्थानीय वासिन्दाहरुको घर, होटल, पसलहरुमा पूर्ण आंशीक रुपमा धेरै क्षति भएको छ । उक्त घटनामा पिडित स्थानीय वासिन्दाहरुलाई राहात रकम वितरण गर्ने प्रयोजनका लागि उपाध्यक्ष श्री कमाल माया गुरुङ को संयोजकत्वमा तपसिल वमोजिमका सात सदस्यीय क्षति मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१.संयोजक श्री कमल माया गुरुङ, उपाध्यक्ष, नासोँ गाउँपालिका

२.सदस्य श्री झलक व. गुरुङ, १ नं. वडा अध्यक्ष, नासोँ गा.पा.

३.सदस्य श्री मिन व. गुरुङ, ३ नं. वडा अध्यक्ष, नासोँ गा.पा.

४.सदस्य श्री धन व. गुरुङ, ७ नं. वडा अध्यक्ष, नासोँ गा.पा.

५.सदस्य श्री सुनिल गुरुङ, ९ नं. वडा का.वा.अध्यक्ष, नासोँ गा.पा.

६.सदस्य श्री नविन जोशी, ईन्जिनियर, नासोँ गाउँपालिका

७.सदस्य सचिव श्री गोविन्द व. रानाभाट, वरिष्ठ कार्याक्रम अधिकृत, नासोँ गाउँपालिका

निर्णय नं. ३

निर्णय नं. २ मा गठन भएको समितिलाई क्षतिको मूल्यांकन यहि २०७८ सालको को तिहार भित्र सम्पन्न गराउन निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नासोँ ५ नं. वडा अध्यक्ष स्व.श्री छिरिङ ग्याल्पो पुनेलको गत २०७८/०३/२१ गतेका दिन हृदयघातका कारण असामाहिक निधन भएकोले उक्त वडामा वडा अध्यक्षको पद रिक्त हुन गएको अवस्था छ। जसबाट वडाको कामकारवाहीमा प्रभावित हुन गएको साथै तुरुन्तै पदपुर्तिको अवस्था समेत नभएकोले अर्को व्यवस्था नभएसम्म सोही वडाका जेष्ठ वडा सदस्य श्री धा ढोमा लामालाई का.वा वडा अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ५

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण वाढी पहिरोवाट नासोँ २ नं. वडा स्थित नाचै देखि डोना ताल जानेवाटोमा क्षति भई आवतजावतनै अवरुद्ध हुन गएकोले तत्काल उक्त वाटो मर्मतका लागि विपद् व्यवस्थापन कोष शिर्षकवाट रु.३,००,००० (तिन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Date ————

निर्णय नं. ६

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण वाढी पहिरोबाट नासोँ ५ नं. वडा थोँचे देखि वडा नं.६ र ७ तिल्चे जाने बाटोको झोलुङ्गे पुलमा ढुङ्गा खसि क्षति पुग्न गएकोले आवतजावतनै अवरुद्ध भएकोले उक्त झोलुङ्गे पुल मर्मत कार्य गर्ने थोँचे देखि तिल्चे जोड्ने झोलुङ्गे पुल उपभोक्ता समितिका लागि प्राविधिकको ल.ई. र मूल्यांकन वमोजिमको रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण भिषण वाढी पहिरोवाट विभिन्न वडाहरुको खानेपानिको पाईप क्षतविक्षत वनाएकोले स्थानिय वासिहरुले पानी समेत पिउन नपाएको अवस्था साथै वेशिसहर देखि चामे मोटरवाटोको विभिन्न ठाउँमा क्षति भई यातायात नै वन्द भएकोले सहजरुपमा यस जिल्लामा खाद्यान्न आपूर्ति हुन नसक्दा स्थानीय वासिहरुलाई भोकमरिको अवस्थालाई मध्यनजर गर्दै विभिन्न व्यक्ति तथा संघ संस्थावाट उपलव्ध भएको खाद्यन्न र खानेपानीको पाईप वेशिसहरवाट नासोँ गाउँपालिका सम्म ढुवानी गर्दा लागेको ढुवानी रकम विल भरपाई वमोजिमको ढुवानी रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण भिषण वाढी पहिरोवाट नासोँ १ नं. वडा ताल वस्तिमा मर्स्याङ्दी नदि पसि सम्पुर्ण स्थानीय बासीको घर/होटल तथा पसल डुवान तथा बगाएकोले अधिकाँश स्थानीय वासीहरु विस्थापित भई सुरक्षीत ठाँउमा त्रिपाल/टेन्ट मुनि वस्न वाध्य भएकोले ति स्थानीय वासीहरुको लागि अस्थायी दुई कोठे चर्पी निर्माणको लागि प्राविधिकको ल.ई. र मूल्यांकन वमोजिमको रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

गत २०७८ अषाढ १ गते परेको अविरल वर्षाका कारण भिषण वाढी पहिरोवाट नासोँ १ नं. वडा ताल स्थित भानु मा.वि., तालको सम्पुर्ण कम्पूटर, प्रिन्टर, ल्याप्टप वगाएकोले विद्यालयमा दैनिक प्रशासनीक कामकाज गर्न कठिनाई भएको हुँदा उक्त सामाग्रीहरु उपलब्ध गराईदिन माग भएकोले माग वमोजिम उक्त सामाग्रीहरु विपद् व्यवस्थापन कोष शिर्षकबाट खरिद गरि विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

नासोँ गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा गत २०७८ अषाढ १ गतेको अविरल वर्षाका कारण भिषण वाढि पहिरोवाट क्षतिहुन पुगेका खाने पानीको क्षतिको सम्वन्धमा सम्वन्धित वडावाट प्राविधिकद्वारा ल.ई. गराई क्षतिको विवरण अविलम्व गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ११

यस कार्यालय अन्तर्गत खानेपानी शाखाको यस आ.व. २०७८/७९ को लागि प्रस्तावित कार्यक्रम सन्दर्भमा रु.३,००,०००.०० (तिन लाख) भैपरी कोष शिर्षकवाट विनियोजन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नासोँ गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी नभएका वडाहरुमा संचालन भएका आधारभुत स्वास्थ्य केन्द्रहरुमा सेवा करारमा कार्यारत स्वास्थ्य कर्मि तथा अन्य कर्मचारीहरुको श्रावाण महिना देखि असोज महिनासम्म तिन महीनाको तलव र दशै पेस्की समेत यस आ.व.०७८/०७९ का लागि स्वास्थ्य क्षेत्रमा विनियोजित वजेटवाट खुवाउने निर्णय गरियो ।

निर्णय नं. १३

यस नासोँ गाउँपालिका ५ नं. वडा थोँचे देखि ताचैं जाने मोटरवाटो गत २०७८ आषाढ १ गते परेको अविरल वर्षाका कारण वाढीपहिरोले उक्त वाटोको अधिकांश भागमा क्षति पुर्‍याई आवतजावतनै अवरुद्ध भएकोले उक्त वाटो मर्मत गरी आवतजावत खुलाउनका लागि थोँचे देखि ताचै जाने वाटो मर्मत उपभोक्ता समितिलाई प्राविधिकको ल.ई. अनुसारको रकम रु.३,५०,०००।- विपद् व्यवस्थापन कोष शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नासोँ गा.पा.-८, ताचै देखि नाइम्रो जाने वाटोको तोचा काठेपुल तथा मिक्चु जाने वाटोको रेतु खोला काठे पुल गत २०७८/०३/०१ गते परेको अविरल वर्षाका कारण वाढी पहिरोवाट उक्त काठे पुलहरु वगाएकोले हाल उक्त नाइम्रो र मिक्चु ठाउँमा आवतजावतनै अवरुद्ध भएकोले स्थानीय वासिन्दाहरुलाई आवतजावतमानै समस्या भएको हुँदा वडा कार्यालयको माग वमोजिम प्राविधिकको लई अनुसारको तोचा खोलामा ३ वटा काठेपुलको लागि रु. १,५०,०००।- र मिक्चु जाने वाटोको रेतु खोला काठे पुलको लागि रु. ५०,०००।- विपद् व्यवस्थापन कोष शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नासोँ गा.पा. ४ नं. वडा स्थित घेलाङ्चोक गाउँमा धेरै वर्ष अघिदेखि संचालन हुदै आएको पानी घट्ट को लागि प्रयोग हुदै आएको घट्टे खोलाको पानीको मुहानमा गत २०७८ अषाढ १ गते देखि पटक पटक आएको वाढी पहिरोले क्षति पुर्‍याएकोले पानी अपुग भई हाल वगरछाप तथा घेलाङ्चोक गाउँको सम्पुर्ण पानी घट्टहरु वन्द भएका छन । तसर्थ नजिकैको खोलावाट पाईपद्वारा पानी ल्याई घट्ट सँचालनको लागि वडा कार्यालयवाट योजनाको माग भएकोले माग अनुसार प्राविधिकको ल.ई. वमोजिम विपद् व्यवस्थापन कोषबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नासोँ गाउँपालिकाबाट विनियोजित क्षेत्रगत वजेट अन्तर्गतको कृषि शाखावाट यस आ.व.को लागि प्रस्तावित कार्याक्रमको सन्दर्भमा वैठकमा छलफल भई पेश भए वमोजिमको कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Date ____
Page ____

निर्णय नं. १७

यस नार्सों गाउँपालिकाबाट विनियोजित क्षेत्रगत बजेट अन्तर्गतको पशु सेवा शाखाबाट यस आ.व.को लागि प्रस्तावित कार्याक्रमको सन्दर्भमा बैठकमा छलफल भई पेश भए बमोजिमको कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

विगत आ.व.मा नेपाल सरकार मन्त्री परिषद्को निर्णयानुसार यस नार्सों गाउँपालिकामा दरवन्दी मिलान गर्ने सन्दर्भमा ११ वटा प्राथमिक विद्यालयमा जम्मा ९ जना शिक्षक दरवन्दी कायम भई आएको छ । उक्त दरवन्दी सँख्यानुसार कायम भई आएको अव्यवहारिक र अपुग हुँदा उपलब्ध हुने दरवन्दी अनुसारको शिक्षकवाट यस गाउँपालिकामा सञ्चालनमा रहेको विद्यालयहरुमा पठनपाठन गर्न गराउन नसकिने हुँदा प्राथमिक तहमा विद्यालय संरचनाको आधारमा कम्तीमा १ विद्यालयमा ३ जना प्रा.वि.शिक्षक का दरले जम्मा ३३ दरवन्दी व्यवस्थाको लागि पहल गरि दिनुहुन भनी गाउँकार्यपालिकाबाट पटक पटक निर्णय भई **श्री** शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौ, **श्री** मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा, **श्री** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानो ठिमी, भक्तपुर र शिक्षा विकास तथा समन्वय इकाई चामे, मनाङमा दरवन्दी मिलानको पुन विचारको लागि ध्यानाकर्षण हुँदा पनि हालसम्म कुनै सुनुवाइ नभएको अवस्था छ ।

तसर्थ आजको वैठकमा पनि सो विषयमा गहन छलफल भई पुंन सम्वन्धित निकायमा ध्यानकर्षण एवं कार्यान्वयनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

मिति २०७८।०३।०१ गतेको अविरल वर्षाका कारण आएको भीषण वाढी तथा पहिरोको कारण नार्सों गाउँपालिको कार्यालय र सोमा रहेका सम्पूर्ण कागजातहरु नष्ट भएका छन । आर्थिक बर्ष २०७६/०७७ मा सम्झौता भई २०७७ बैशाख महिनामा अन्तिम प्रतिवेदन पेश गर्ने गरि परामर्श सेवा खरिद सम्झौता गरिएको थियो । नार्सों गा.पा.को पर्यटन विकास गुरुयोजना र आवधिक विकास योजना तर्जुमाका लागि श्री इन्टिग्रेटेड डेभलपमेन्ट एण्ड मेनेजमेन्ट प्रा.लि.कास्की बीच परामर्श सेवा खरिद सम्झौता बमोजिम तथ्यांक संकलन, विभिन्न छलफल, गोष्ठी संचालन भई कार्य सुचारु भएको थियो । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ र सोको यस गाउँपालिकामा परेको व्यापक असरका कारण करिब डेढ वर्षसम्म बाहिर जिल्लावाट मानिसहरुलाई रोकथाम तथा नियन्त्रणका लागि पालिका प्रवेश गर्न बन्देज लागेको थियो । सोही कारण परामर्शदाताको निष्क्रियताले नभई विषम परिस्थितिमा गाउँपालिकामा कार्य

Scanned with CamScanner

गर्न असहज भई कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेको हो । उक्त सन्दर्भमा आ.ब.२०७६/०७७ को महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुँदा उक्त कार्यका लागि पेश्की दिन नमिल्ने तथा समयमा म्याद थप नगरी रहेकोले पेश्की रकम फिर्ता गरि सम्झौता रद्ध गर्न लेखि आएको सन्दर्भमा गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको थियो ।

सोही सम्बन्धमा म्याद थप, लेखापरीक्षण अवधिसम्म पेश भएको प्रतिवेदन, लगायतका उक्त प्रतिवेदन सम्बन्धमा तयार गरिएको वृहत जवाफ सहितको कागजात तयार गरि ३५ दिन भित्र बेरुजु प्रतिक्रिया दिने अवस्थामा रहेकोमा अकस्मात २०७८ आषाढ १ गतेको बाढीले कार्यालयमा रहेका सम्पूर्ण कागजात बगाई नष्ट गरेको छ । यस्तो विषम अवस्थामा पिडीत जनताको उद्धार र राहतमा कार्यालय केन्द्रित हुनु परेको र २०७८/०७९ को गाउँसभा तथा गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार उक्त परामर्शताको कार्य सन्तोषजनका भएकोले अन्तिम पटकका लागि २०७८ आश्विन मसान्तसम्मका लागि म्याद थप गरि सम्पन्न गर्ने गरि निर्णय भएको छ । तसर्थ बेरुजु प्रतिक्रियाकै क्रममा नियमित हुने उक्त वेरुजु तथा प्रक्रिया बाढीका कारण प्रभावित भएको व्यहोरा अनुरोध गर्दै हाल परामर्शदाताबाट सम्पूर्ण अधुरो कार्य सम्पन्न गरि दुवै आवधिक र गुरुयोजनाको प्रारम्भीक मस्यौदा र अन्तिम प्रतिवेदन पेश हुने आएकोले अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरी संभौता वमोजिमको रकम भुक्तानी गर्ने र अनुमोदनको लागि आगामि गाउँसभाको बैठकमा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो । साथै उक्त परामर्श सेवाहरुको वेरुजु हटाई नियमित गरिदिनु हुन श्री महालेखा परीक्षकको विभागको हाल जिल्लामा खटिई आएको डोरलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

आ.व.२०७८/०७९ को श्रावण, भाद्र तथा अश्विन महिनाको विल पेश भएको मितिसम्म विभिन्न अवसरमा आउने अतिथि सत्कार, विपद् अनुगमन, वैठक तथा विविध कार्यमा भएको चिया, खाजा, खाना र आवास वापत खर्च भई श्री फुलवारी होटल एण्ड रेष्टुरेन्टबाट पेश भएको विल वमोजिमको रकम रु. १,५५,९००।०० भुक्तानी गर्न मनासीव देखिएकाले उक्त रकम वैठकबाट खर्च अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल कात्तिक १४ गतेका दिन नासौं गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यूको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री चन्द्र घले | नासौं गा.पा. |
| उपाध्यक्ष | श्री कमलमाया गुरुङ | नासौं गा.पा. |
| सदस्य | श्री झलक बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. १ |
| सदस्य | श्री ~~मिन बहादुर~~ लालकुमारी गुरुङ | का.वा. वडा अध्यक्ष नासौं गा.पा.वडा नं. २ |
| सदस्य | श्री मिन बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ३ |
| सदस्य | श्री चोक बहादुर गुरुङ | का.वा.वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ४ |
| सदस्य | श्री धा ढोमा लामा | का.वा. वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ५ |
| सदस्य | श्री ङिमा ओङग्याल पुनेल | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ६ |
| सदस्य | श्री धन बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ७ |
| सदस्य | श्री हुपजंग गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ८ |
| सदस्य | श्री सुनिल गुरुङ | का.वा.वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ९ |
| सदस्य | श्री सुरेश थकाल | कार्यपालिका सदस्य |
| सदस्य | श्री तुल ब.वि.क. | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिल कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री अमिषा गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री माइली लामा | कार्यपालिका सदस्य |
| " | श्री फूलमाया गुरुङ | " |
| सदस्य सचिव | श्री बासुदेव भेटवाल | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित:**

ब.का.अ.श्री गोबिन्द बहादुर रानाभाट

लेखा अधिकृत श्री चित्र बहादुर पौडेल

लेखापाल श्री रविन्द्रराज पौडेल

ड्रा. श्री नवीन जोशी

Scanned with CamScanner

**निर्णय नं. १**

मिति २०७८ आश्विन १३ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा पुनरावलोक गर्दा अधिकांश निर्णयहरु कार्यान्वयका लागि प्रकृया शुरु भएको र केही निर्णयहरु कार्यान्वयन गर्न बाँकी रहेकोल अभिलम्ब निर्णय कार्यान्वयनका लागि गाउँपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

२०७८ आषाढ १ गतेको अविरल बर्षा सँगै आएका बाढी तथा पहिरोका कारण क्षतिग्रस्त घर परिवारका लागि राहत तथा पुनस्थापनाका लागि गाउँसभाबाट स्वीकृत **बाढीबाट विस्थापित घरपरिवार पुर्नवास गा.पा.को सरोकार साझेदारी तथा सहयोग कोष** रकमबाट आर्थिक सहयोग उपलब्ध गराउन गाउँपालिकाबाट तयार गरि विपद व्यवस्थापन समितिको मिति २०७८/०७/१३ गतेका बैठकबाट स्वीकृत गरि अन्तिम स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश भएको **बाढी पिडित घरपरिवार आर्थिक सहयोग वितरण कार्यविधि, २०७८** स्वीकृत गरि सोही बमोजिम विवरण संकलन भई विपद व्यवस्थापन समितिको बैठकबाट छनौट भएका लाभग्राहीहरुलाई आर्थिक सहयोग वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

२०७८ आषाढ १ को बाढीले नासौं गा.पा.को संचालनमा रहेको प्रशासकीय भवन पूर्ण रुपमा बगाई लगेको कारण हाल निजी घर १ बर्षका लागि भाडामा लिई कार्यालय सञ्चालनमा रहेको छ । गाउँपालिकाले जग्गा खरिद गरि भवन निर्माणका लागि प्रकृया अगाढी बढाउन लागेको जग्गा मर्स्याङदी तथा दुधखोलाको कटानले प्रभावित भई थप सुरक्षाको उपाय अवलम्बन नगरी तत्काल उक्त स्थानमा स्थायी संरचना निर्माण गर्न उपयुक्त नभएकोले हाल धारापानी आमा समुहले निर्माण गरेका २ वटा सामुदायिक भवन र सो वरिपरिको सार्वजनिक जग्गा उपयोग गरि गा.पा.को प्रशासनिक भवन निर्माण तथा संचालन गर्न उपयुक्त भएकोले निर्मित आमा समुहको भवनहरु मागका लागि धारापानी आमा समुहसँग अनुरोध गर्ने र चालु आ.व.मा नै वरिपरीको जग्गा तयारी तथा थप भवन निर्माणका लागि आवश्यक पर्ने प्रशासनिक र प्राविधिक प्रकृया अगाढी बढाउने निर्णय गरियो । साथै भवन निर्माणका लागि खरिद भएको जग्गामा उपयुक्त बाढी कटानको सुरक्षा पश्चात अन्य संरचनाहरु निर्माण गर्दै जाने । गा.पा.को प्रशासनीक भवन निर्माणका लागि प्रस्तावित स्थानको प्राविधिकबाट प्रारम्भिक अध्ययन गरी प्राप्त सिफारिसको आधारमा आगामी बैठकमा बजेट स्रोत खोजी गरि बजेट विनियोजन गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. ४**

श्री प्रकाशज्योति मा.वि.थोंचेको च.नं.३० मिति २०७८/०६/१० को पत्रसाथ आवाशीय विद्यालय सञ्चालनका लागि विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरु काजमा खटाईदिन माग भए बमोजिम आवश्यक छलफल हुँदा विगतमा समेत सो व्यवस्था गरि विद्यालय संचालन गरिदै आएको थियो । कोभिड-१९ को कारण विगत लामो समयदेखि विद्यालयको पठनपाठन अवरुद्ध हुँदा शैक्षिक गुणस्तर क्रमश विग्रदो अवस्थामा पुगेको छ । हाल कोभिडको संक्रमण क्रमश कम हुँदै गएको अवस्थामा विद्यालयको नियमित पठनपाठन सूचारु भएको, शैक्षिक शत्रको अवधि समेत क्रमश वित्दै गएको, बाढीबाट विभिन्न वस्ती जोडने बाटो तथा पुलहरु नष्ट भएका कारण विद्यार्थीहरु आवतजावत गर्न समेत कठिनाई भएको अवस्था समेतलाई मध्यनजर गर्दा चालु शैक्षिक शत्रबाट नै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अत्यावश्यक भई माग भएका तपसिलका विद्यालयका निम्न शिक्षकहरुलाई प्रकाशज्योति मा.वि.मा अर्को व्यवस्था नभएसम्मका लागि काजमा खटाउने र तोकिएका शिक्षकहरु यथाशिघ्र पठाई सहयोग गरिदिनु हुनका लागि सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकज्यूहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

**पूर्णकालीन:**

| | |
|---|---|
| १) श्री देवीजंग गुरुङ | जनविकास आ.वि.ताचै, ८, नासौं |
| २) श्री टोल प्रसाद ढुंगाना | मर्स्याङदी आ.वि. खोत्रो, ३, नासौं |
| ३) श्री चेकमान गुरुङ | हिमज्योति आ.वि., तिल्चे, ६, नासौं |

**१० देखि ४ शिक्षण सहजीकरण:**

| | |
|---|---|
| १) डिमान गुरुङ | सरस्वती आ.वि., ओडार, ४, नासौं |
| २) रोहित गुरुङ | धारापानी आ.वि., धारापानी, ३, नासौं |
| ३) शेरजंग गुरुङ | पशुपति आ.वि. बगरछाप, ९, नासौं |

**निर्णय नं. ५**

२०७८ को तिहार पर्व लगत्तै सवै तहका कक्षाहरु नियमित रुपमा सञ्चालन गर्न र यस पूर्व संचालन गरिएको छात्र तथा छात्रा छात्रवासलाई थप व्यवस्थित र सुरक्षित रुपमा सञ्चालन गर्न श्री प्रकाशज्योति मा.वि.लाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ६**

श्री प्रकाशज्योति मा.वि.थाँचे नमुना विद्यालयका ५ बर्ष वृहत गुरुयोजना तर्जुमाका लागि गाउँपालिकामा चालु आ.ब.मा सम्बन्धित मन्त्रालयबाट प्रदान गरिएको अख्तियारी तथा बजेट बमोजिम गुरुयोजना तयारीका लागि तोकि आएको बजेट रकम रु.५,०००००।- प्रकाशज्योति माध्यामिक विद्यालयको खातामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

२०७८ आषाढ १ गते मर्स्याङदी नदीमा आएको बाढीले नार्सो गा.पा.वडा नं. १ तालमा प्राय: सबै घरहरुमा बालुबा भरिदा घरसफा गर्ने क्रममा हरेक घरधुरीबाट फालिएको बालुवा गाउँको मुल सडकमा थुप्रिएको कारण पैदल तथा यातायात सञ्चालन प्रभावित भएको छ। चालु आ.ब.को गा.पा.को स्वीकृत उक्त कार्यका लागि विनियोजित बजेटबाट सबै सफा गर्न नसकिने भई १ नं. वडा कार्यालयबाट प्राविधिक लागत इस्टिमेट सहित थप बजेट माग भई आएको सन्दर्भमा उक्त क्षेत्रको मुल सडकको बालुवा तथा माटो सफा गर्न थप आवश्यक पर्ने रु.४०००००।- बजेट गा.पा.को **बाढीबाट क्षतिग्रस्त गोरटो घोडेटो बाटो निर्माण/मर्मत** शिर्षकबाट भुक्तानी हुने विनियोजन गरि उक्त कार्यका लागि कुल बजेट रु.९,०००००।- कायम गरी एउटै उपभोक्ता समितिबाट कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नार्सो गाउँपालिकामा रहेका ६ वटा आधारभुत स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरु गरि कुल १२ जना कर्मचारी करार सेवामा कार्यरत रहेकोमा चालु आ.ब.मा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तलब भत्तामा बजेट प्राप्त नभएको अवस्था छ।

२०७८ आषाढ मसान्तमा निजहरुको करार म्याद समाप्त भएकोमा गाउँपालिकाको कार्यालयबाट २०७८ श्रावण देखि आश्विन मसान्तसम्म म्याद थप गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको पटकपटकको पत्राचार तथा अनुरोधका बाबजुद पनि हालसम्म कुनै बजेट प्राप्त नभएको र भविष्यमा समेत प्राप्त हुने न्यून संभावना हुँदा कर्मचारीहरुलाई काममा लगाउँदा सेवा सुविधा दिनु पर्ने दायित्व स्वत सृजना हुने र उल्लिखित कर्मचारीहरुलाई चालु आ.ब.को अन्त्यसम्म म्याद थप गरि तलब भत्ता व्ययभार गर्दा ठूलो रकमको आवश्यक हुने हुँदा गाउँपालिकाको आन्तरिक आय र मौज्दात रकमबाट व्ययभार गर्न नसकिने भएकोले निजहरुको करार म्याद २०७८ कात्तिक ०१ गतेबाट लागु हुने गरि थप नगर्ने, बजेट प्राप्तिका लागि प्रयास जारी रहेकोले भविष्यमा उक्त प्रयोजनमा बजेट स्रोत प्राप्त हुन आएमा निजहरुलाई पुन सेवामा निरन्तरता दिने र निजहरुले हालसम्म प्रदान गर्नु भएको सेवा प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ९**

२०७८ आषाढ १ को बाढीबाट विद्युत गृहहरु बगाई लगेका कारण अवरुद्ध टेलिफोन/मोवाइल सेवाको क्षमता अभिवृद्धि गरि विपद व्यवस्थापन गर्नका नेपाल टेलिकमलाई अनुरोध गर्दा प्राप्त हुन आएको सोलार तथा व्याट्रीहरु विभिन्न सहयोगी मनहरुको सहयोगमा नार्सों गा.पा.वडा नं. ४ ओडारसम्म ल्याईएकोमा उक्त स्थान देखि बाढीबाट अवरुद्ध मार्गहुँदै टेलिफोन टावरसम्म सामग्री लैजानका लागि नार्सों गा.पा. ४ नं वडा कार्यालयबाट कार्यादेश दिइए बमोजिमको सामग्री ढुवानी वापतको खर्च रकम रु.५०,०००।- प्राविधिक विल भरपाईका आधारमा **स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट** सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

भारतीय दुतावास, काठमाण्डौबाट यस गाउँपालिकाका लागि उपलब्ध गराएको विपद व्यवस्थापनका लागि आवश्यक पर्ने टेन्टहरु हाल लम्जुङ जिल्लाको वेशिसहरमा रहेकोमा उक्त सामग्रीहरु गाउँपालिकाको कार्यालय मौज्दात राखी आवश्यकता अनुसार वितरण गर्ने गरि उपयोगमा ल्याउन उक्त सामग्रीहरु मिनि ट्रकबाट बेशिसहर देखि धारापानीसम्म ढुवानी गरि ल्याउनका लागि **स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट** भुक्तानी हुने गरि रु.६०,०००।- विनियोजन गरि ढुवानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

२०७८ आषाढ १ गतेका बाढी तथा पहिरोबाट पूर्ण रुपमा क्षतिग्रस्त ताचै खानेपानी अस्थायी रुपमा अन्यत्रबाट पानीको स्रोत खोजी गरि उपयोगमा ल्याईएकोमा पूर्ववत मुहान संचालन गर्न वृहत बजेट आवश्यक पर्ने भएकोले हाल उपयोगमा ल्याईएको खानेपानीलाई अस्थायी रुपमा व्यवस्थापन गर्न खानेपानी मर्मत सम्भारका लागि **स्थानीय तह प्रकोप व्यवस्थाप कोषबाट** रु.५०,०००।- भुक्तानी हुने गरि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

गत आ.ब.२०७७/०७८ बाट संचालनमा आएको लघु उद्यम विकास कार्यक्रममा कार्यरत लघुउद्यम विकास सहजकर्ताहरुको कार्यसम्पादन सन्तोषजनक नभएका कारण निजहरुको करार म्याद थप नभएकोले उक्त कार्यक्रको निरन्तर सञ्चालनका लागि रिक्त लघु उद्यम विकास सहजकर्ता २ पद नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १३**

नासौं गाउँपालिकामा रहेको एक मात्र आवाशीय विद्यालय श्री प्रकाश ज्योति मा.वि. थोँचेमा डिपिआर तयार हाल छात्रा छात्रवास निर्माणाधिन रहेको र छात्र छात्रवासको निर्माण हुन बजेट अभाव भएकोले प्रकाशज्योति मा.वि.छात्र छात्रवास निर्माण तथा विद्यालय संरक्षणका लागि दुधखोलामा वृहत तटबन्धन कार्यका लागि रु.५,००००००।- बजेट माग गर्न आवश्यक पहल गरिदिन श्री जिल्ला समन्वय समितिको कार्यालय, चामे, मनाङ मार्फत श्री भारतीय राजदुतावास, लैनचौर, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

नासौं गा.पा. वडा नं. ६ तिल्चेको झो.पु. मुनि खोलाले बगाई ल्याएको ढुंगाले पुल तथा आवतजावतमा अवरोध पुग्न गई ठूलो क्षति हुन सक्ने भएकोले उक्त ढुंगा फुटाउने कार्यका लागि वडा कार्यालय मार्फत बजेट माग भई आएको सन्दर्भमा गाउँपालिकाबाट प्राविधिक खटाई सोको लागत इस्टिमेट तयारी गर्न लगाई अर्को कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने ।

**निर्णय नं. १५**

नासौं गा.पा. वडा नं. २ नाचै देखि डोना ताल जाने बाटो मर्मतका लागि यस पूर्वको गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त बाटो मर्मतका लागि रु.३,०००००।- उक्त बाटोमा थप क्षति भएका कारण विनियोजन भएको बजेटबाट कार्य सम्पन्न हुन नसकी बजेट थपका लागि २ नं. वडा कार्यालयबाट अनुरोध भई आएकोमा उक्त योजनाका लागि रु.१,०००००।- थप गरि कुल रु.४,०००००।- बजेट स्थानीय तह विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि विनियोजन गरि योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नासौं गा.पा.वडा नं.१ निवासी वडा सदस्य श्री वलराम गुरुङको असमायिक निधन भएकोले मृत आत्माको चिरशान्तीको कामना तथा शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै स्वर्गी आत्माको चिर शान्तिका लागि शुद्धाशुद्धी तथा पुजापाठका लागि रु.३०,०००।- आर्थिक सहयोग स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १७**

नासौं गाउँपालिकामा सरकारी खाता संचालन गर्ने एकमात्र बैकको रुपमा रहेको श्री प्रभु बैंक लिमिटेड, नासौंङ शाखा बाढीका कारण क्षतिग्रस्त भई २०७८ आषाढ देखि लम्जुङ बेंशिसहरबाट सेवा प्रदान गर्दै आएकोमा गा.पा.कार्यालय २०७८ भाद्र महिनामा नै धारापानीबाट सञ्चालन भएता पनि हालसम्म बैंक शाखा धारापानीमा पुन संचालनमा आउन नसकेको, पटक पटक पत्राचार तथा प्रत्यक्ष भेटघाटमा समेत यथाशीघ्र धारापानीमा नै सञ्चालनमा ल्याउन प्रतिवद्धता भएतापनि हालसम्म कुनै प्रगति नदेखिएकोले कार्यालय तथा सेवाग्राहीलाई असुविधा भएकोले तत्काल धारापानीमा नै शाखा सञ्चालनमा ल्याउन प्रभु बैंक लि.लाई पुन ताकेता गरि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

नासौं गा.पा.वडा नं.५ थोँचे देखी ताचै जाने कच्ची सडक संचालनमा आईरहेको अवस्थामा २०७८ आषाढ १ को बाढी तथा पहिरोको कारण क्षतविक्षत भई पूर्ण अवरुद्ध छ । उक्त बाटो तत्काल पुन निर्माण गरि संचालनमा ल्याउन बजेट तथा समयका कारण कठिन छ। बाटो अवरुद्ध हुँदा वडा नं. ८ ताचैको जनजीवन कष्ठकर बन्दै गएको छ। उक्त परिस्थितिलाई मनन गरि हाल श्री मनाङ मर्स्याङदी हाइड्रोपावर प्रा.लि.को मर्स्याङदी नदीमा रहेको पक्की मोटरेवलपुल सहितको मार्ग हुँदै ताचै जाने प्रा.लि.को क्षेत्राधिकार भित्रको जग्गाबाट नयाँ ट्रयाक निर्माण गरि सडक यातायात संचालन गरिदिन श्री मनाङ मर्स्याङदी हाइड्रोपावर प्रा.लि. बुद्धनगर, काठमाण्डौमा अनुरोध गर्ने र उक्त प्रा.लि.बाट निर्माण हुन नसक्ने अवस्था भएमा उक्त क्षेत्रको पुल तथा जग्गा हुँदै ताचै जोडने मोटरबाटो निर्माणका लागि अनुमति प्रदान गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

नासौं गा.पा.मा ३ वटा स्वास्थ्य चौकी र बाँकी ६ वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र संचालनमा रहेका छन । गत आ.ब.मा २ वटा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भई संचालनमा रहेको र बाँकी ४ वटा केन्द्रका भवनहरु निर्माण गर्नुपर्ने अवस्था छ । चालु आ.ब.मा भवन निर्माण र आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको तलब भत्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुन सकेको छैन । गत आ.ब.मा तलब भत्ताका लागि केन्द्रबाट बजेट प्राप्त हुँदै गरेको आधारमा २०७८ श्रावण देखि आश्विन महिनासम्म १२ जना कर्मचारीहरुको करार म्याद थप गरिएको थियो । उक्त अवधि सम्म बजेट प्राप्त नहुँदा चाडवाडको मुखमा कर्मचारीलाई रित्तोहात राख्नु व्यवहारिक नभएकाले गा.पा.को अनुदानबाट तलब भत्ता भूक्तानी गरिएको छ । २०७८ कार्तिक देखि गा.पा.को आन्तरिक आय न्यून भएका कारण व्ययभार थेग्न नसक्ने भई बजेट प्राप्त नभएमा म्याद थप नगर्ने निर्णय भएको छ ।

Scanned with CamScanner

त्यसकारण अधिकांश वडाहरुमा रहेका आधारभुत स्वास्थ्य केन्द्रमा कर्मचारी नहुँदा गा.पा.मा रहेका ३ वटा स्वास्थ्य चौकीमा पुग्न बाढीका कारण सडक, पैदलमार्ग र झोलुङ्गेपुलहरु नहुँदा जानै नसक्ने र जान सक्ने स्थानमा कम्तीमा २ घण्टा पैदल यात्रा गरि पुग्नु पर्ने बाध्याताले ठूलो समस्या पर्ने अवस्था आएको छ । यस्तो विषम परिस्थितिमा गा.पा.को स्रोतबाट कर्मचारी व्यवस्थापन गर्न नसक्दा र केन्द्रबाट बजेट प्राप्त नहुँदा स्वास्थ्य सेवा प्रभावित भई आमसमुदाय स्वास्थ्य सेवाबाट बञ्चित हुने, आधारभुत स्वास्थ्य केन्द्रहरु स्वास्थ्यकर्मी विहिन हुने, हाल निर्मित आधारभुत स्वास्थ्य केन्द्र भवनहरु समेत बन्द भई भविष्यमा ठूलो समस्या आउने कुरालाई मध्यनजर गरी नेपाल सरकारको हरेक वडाहरुमा स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति बमोजिम स्थापित आधारभुत स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक कर्मचारीको तलब भत्ता उपलब्ध गराईदिनु हुन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

२०७८ आषाढ १ गतेको बाढीबाट क्षतिग्रस्त यस गा.पा.का विभिन्न वडाहरुमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद परिवारको लागत संकलन कार्यक्रम बमोजिम तथ्यांक प्रविष्टि गरि पहिचान भएका विपद प्रभावित घरपरिवारको विवरण प्रमाणित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner